श्री ५ को सरकार

## पञ्चायत मन्त्रालयको

## सूचना

निर्वाचन आयोग ( पहिलो संशोधन ) अध्यादेश २०३२, निर्वाचन ( अपराध तथा सजाय) ( तेस्रो संशोधन) अध्यादेश २०३२ र स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि ( पहिलो संशोधन ) अध्यादेश २०३२ को दफा १ को उप-दफा (२) ले दिएको अधिकार र राष्ट्रिय पञ्चायत ( सदस्य निर्वाचन ) अध्यादेश २०३२ को दफा १ को उप-दफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त अध्यादेशहरूका लागू हुन बाँकी सबै दफाहरू सेती, लुम्बिनी र सगरमाथा अञ्चलहरुमा मिति २०३२।११।२४ गतेदेखि लागू हुने गरी तोकेको छ।

साथै गाउँ पञ्चायत (छैठौं संशोधन) अध्यादेश २०३२, नगर पञ्चायत ( पाँचौ संशोधन) अध्यादेश २०३२ र जिल्ला पञ्चायत (छैठौं संशोधन) अध्यादेश २०३२ को दफा १ को उप-दफा (२) ले दिएको अधिकार र पञ्चायत (सदस्य प्रत्याव्हान) अध्यादेश २०३२ तथा स्थानीय पञ्चायत (सदस्य सहवरण) अध्यादेश २०३२ को दफा १ को उप-दफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त अध्यादेशहरूका लागू हुन बाँकी सबै दफाहरू सेती, लुम्बिनी र सगरमाथा अञ्चलहरूमा मिति ०३२।१२।१५ गतेदेखि लागू हुने गरी तोकेको छ।

आज्ञाले-

जंगबहादुर चंद

श्री ५ को सरकारको सचि



५७६६ श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।